
# चन्द्रनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## चन्द्रनगर (नाढीमन ताल), सर्लाही

## मधेश प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम




## चन्द्रनगर गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर (नाढीमन ताल), सर्लाही

मधेश प्रदेश, नेपाल

# चन्द्रनगर गाउँपालिकाको २०औं गाउँ सभामा

## गाउँपालिका अध्यक्ष श्री राज कुमार महतोद्धारा प्रस्तुत



# आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम

## चन्द्रनगर गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर (नाढीमन ताल), सर्लाही

मधेश प्रदेश, नेपाल

२०८३ असाढ ८ गते, सोमवार

**चन्द्रनगर गाउँपालिकाका गाउँ सभा सदस्य ज्यूहरु,**

१. चन्द्रनगर गाउँपालिकाको सर्वोच्च प्रतिनिधि संस्था गाउँ सभाको यस सम्मानित बैठकमा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुतः गर्न पाउँदा अत्यन्त खुशी अनुभुति गरेको छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न काल खण्डमा भएका जनआन्दोलन लगायत पहिचान समावेशी, समतामुलक समाज र अधिकार प्राप्तिको लागि तथा सुशासन र भ्रष्टाचार निवारणको लागि भएको जेनजी विद्रोह लगायत विभिन्न आन्दोलनहरुमा आफनो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको संरक्षण गर्दै जनताको स्वायत्तता र सुशासनको अधिकारलाई संस्थागत गरेको छ । संविधानद्धारा स्थापित संघीय लोकतान्त्रिक गण्तन्त्र अन्तर्गत तीनै तहका सरकारहरु सक्रिय रुपमा संचालनमा रहेका छन् । यसैक्रममा, चन्द्रनगर गाउँपालिकाले आवधिक योजना सफलतापूर्वक तयार गरी वार्षिक विकास कार्यक्रम निर्माण तथा कार्यान्वयन गरि रहेको छ । सम्मानीत जीवन, समृद्ध चन्द्रनगर भन्ने मूल सोचलाई केन्द्रमा राखेर चन्द्रनगर गाउँपालिकाले कार्य गर्दै आएको छ ।

४. तर, पछिल्ला वर्षहरुमा चन्द्रनगर गाउँपालिकाको राजनीतिक परिस्थिति अनपेक्षित रुपमा अस्थिर बन्न पुग्यो जसले गर्दा सेवा प्रवाह, सुशासन र विकासको गतिमा प्रतिकुलता सिर्जना हुनुका साथै गाउँपालिकाको आवश्यकता तथा जनताको अपेक्षा सम्बोधन गर्न कठिन भएको तितो अनुभव हामीसँग छ । विभिन्न कठिन तथा पिडादायी अवस्थालाई पार गर्दै गत आर्थिक वर्षमा भएको सहज वातावरणले विकास निर्माण, सेवा प्रवाह तथा सुशासन प्रवर्द्धनमा भएको कार्य सम्पादन प्रति हामी सबै सन्तोष गर्ने स्थान रहेको अवस्था पनि हामी सबै माझ सर्वविदितै छ ।

५. उपयूक्त नीति र राजनितिक स्थिरताका साथ अघि बढ्न सक्दा गाउँपालिकालाई विकास, समृद्धि र सामाजिक न्यायको मार्गमा अघि बढाउन सकिन्छ भन्ने हाम्रो आफनै अनुभवले बताएको छ । तसर्थ आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेटलाई परिणाममुखि तथा जनताले महसुस गर्ने गरी बनाउन अपरिहार्य रहेको छ ।

६. आर्थिक वर्ष २०८३/८४ का लागि चन्द्रनगर गाउँपालिकाको देहायका सोच र दृष्टिकोणलाई मार्गदर्शनको रुपमा ग्रहण गरी नीति तथा कार्यक्रमलाई कार्यान्वयनमा ल्याईनेछ ।

**गाउँ सभा सदस्य ज्युहरु,**

अब म चन्द्रनगर गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेटको उदेश्य र प्राथमिकता विषयगत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. सुशासन तथा संस्थागत विकास**

## मानव संसाधन विकास

चन्द्रनगर गाउँपालिकामा कार्यरत जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, स्वयंसेवक तथा अन्य सरोकारवालाहरूको ज्ञान, सीप, क्षमता र कार्यसम्पादनमा थप सुधार ल्याउन र स्थानीय सरकारलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउन मानव संसाधन विकासलाई प्राथमिकतामा राखी निरन्तर क्षमता अभिवृद्धि, नेतृत्व विकास र प्रविधिमैत्री कार्यसंस्कृतिको विकास गरिनेछ। चन्द्रनगर गाउँपालिकाको प्रभावकारी सञ्चालन र गुणस्तरीय सेवा प्रवाहका लागि मानव संसाधन विकास अत्यन्त महत्वपूर्ण रहेकोले दक्ष, उत्प्रेरित र उत्तरदायी जनशक्ति बिना स्थानीय सरकारका विकास लक्ष्यहरू हासिल गर्न कठिन हुने भएकोले यसलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ।

## संस्थागत क्षमता विकास

चन्द्रनगर गाउँपालिकाले आफ्नो लक्ष्य, जिम्मेवारी र सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक पर्ने संरचना, प्रणाली, नीति, प्रक्रिया, स्रोतसाधन र मानव क्षमताको सुदृढीकरण गर्ने कार्यलाई निरन्तरता दिदै संस्थागत क्षमता विकासलाई थप प्रभावकारी बनाइने छ। स्थानीय तहको सफल सञ्चालनका लागि संस्थागत क्षमता विकास आधारभूत आवश्यकता हो। सुदृढ संरचना, स्पष्ट नीति, सक्षम जनशक्ति, प्रभावकारी वित्तीय व्यवस्थापन तथा प्रविधिमैत्री सेवा प्रणालीमार्फत स्थानीय सरकारले नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्न सक्छ। त्यसैले संस्थागत क्षमता विकासलाई स्थानीय विकास र सुशासनको प्रमुख आधारका रूपमा लिदै संस्थागत क्षमता विकास लाई प्राथकिमता दिइनेछ।

## राजस्व परिचालन

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई विभिन्न कर तथा गैरकर राजस्व संकलन गर्ने अधिकारको प्रयोग गर्दै चन्द्रनगर गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेका विभिन्न स्रोतहरूबाट आय संकलन, व्यवस्थापन र परिचालन गरी स्थानीय विकास तथा सेवा प्रवाहका लागि उपयोग गर्ने प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ। स्थानीय तहको दिगो विकास र आत्मनिर्भरताका लागि प्रभावकारी राजस्व परिचालन अत्यन्त आवश्यक रहेको तथ्यलाई मध्यनजर गर्दै स्थानीय स्रोतको पहिचान, कर प्रशासनको आधुनिकीकरण, पारदर्शी वित्तीय व्यवस्थापन तथा नागरिक सहभागितामार्फत स्थानीय तहले आफ्नो आन्तरिक आय वृद्धि गरी विकास निर्माण र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निती चन्द्रनगर गाउँपालिकाले लिनेछ।

## वित्तीय व्यवस्थापन

स्थानीय तहको आय, व्यय, बजेट, लेखा, खरिद, आन्तरिक नियन्त्रण, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई योजनाबद्ध, पारदर्शी र उत्तरदायी ढंगले सञ्चालन गर्ने प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ। उपलब्ध स्रोत-साधनको प्रभावकारी उपयोग गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्न चन्द्रनगर गाउँपालिकामा वित्तीय व्यवस्थापन सुशासन, विकास र सेवा प्रवाहको आधारशिला बनाइनेछ

। पारदर्शी बजेट प्रणाली, प्रभावकारी राजस्व व्यवस्थापन, उत्तरदायी खर्च प्रणाली तथा सुदृढ लेखापरीक्षण व्यवस्थामार्फत स्थानीय तहले नागरिकको विश्वास जित्दै दिगो विकासका लक्ष्य हासिल गर्ने निती अख्तियार गरिनेछ ।

- वित्तीय जोखिम न्यूनीकरण
- सार्वजनिक सुनुवाई
- सामाजिक परीक्षण
- आन्तरीक र अन्तिम लेखा परीक्षण
- बेरुजु फछ्यौंट
- सेवा प्रवाहका मापदण्ड निर्धारण
- सेवा प्रवाहमा विधुतीय सूचना प्रविधिको प्रयोग
- नागरिक सन्तुष्टी सर्वेक्षण
- अन्तरनिकाय समन्वय

आर्थिक वर्ष २०८३/८४ स्थानीय सरकारको दोश्रो कार्यकालको पाँचौ आर्थिक वर्ष भएकोले पहिलो कार्यकाल तथा दोश्रो कार्यकालको चार वर्षमा निर्माण शुरु गरिएका उत्पादनमुलक तथा परिमाण दिने खालका अधुरो योजनालाई सम्पन्न गरिने कार्यलाई प्राथमिकता दिई आर्थिक वर्ष २०८३/८४ को योजना तथा बजेट निर्माण गरिनेछ ।

चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालय र मातहतका सम्पूर्ण कार्यालय तथा विधालयबाट प्रदान गरिने सेवाहरु तथा संचालन गरिने योजना र कार्यक्रमलाई पारदर्शि तवरले संचालन गरिनेछ । गाउँपालिका र मातहतका कार्यालय तथा विधालयलाई जनता प्रति उत्तरदायित्वमा अभिवृद्धि गराइनेछ । गाउँपालिकाको विगत तीन आर्थिक वर्षको प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गरिने, वडा तथा पालिका स्तरीय सार्वजनिक सुनुवाई आयोजना गरिने तथा गुनासो सुनुवाई र सुचना अधिकारीको भुमिकालाई अझ बढी प्रभावकारी तवरले अगाडी बढाइनेछ ।

चन्द्रनगर गाउँपालिका र मातहतका कार्यालय तथा विधालयबाट प्रदान गरिने सेवा प्रवाहलाई अझ बढी सुलभ र गुणस्तरीय बनाइनेछ । स्थानीय सरकारको रुपमा रहेको चन्द्रनगर गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई डिजिटल प्रविधिको प्रयोग गरी वेब र एप मार्फत रियल टाइम डाटामा आधारीत सेवा प्रवाह बनाई विभिन्न किसिमका सेवा उपभोगबाट बन्चितीमा रहेका वर्ग, समुदाय र कल्सटरमा समताको सिद्धान्त अनुरुप सेवा उपभोगमा अभिवृद्धि गराई असमानता घटाउन योगदान गरी दिगो विकास लक्ष्य हासिल गर्नमा सहयोग गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त, मितव्ययी र प्रभावकारी बनाउन यसका चुनौती तथा बाधकलाई हटाइनेछ ।

गाउँपालिकाको सार्वजनिक वित्त व्यवस्थापनलाई मित्तव्ययी, चुन्त दुरुस्त, आत्मनिर्भर बनाउन विभिन्न पहल तथा कार्यक्रम संचालन गरिनेछ । गाउँपालिकाको आन्तरीक आर्थिक श्रोत अभिवृद्धि गराउन तथा आन्तरीक आर्थिक श्रोतमा विविधता ल्याउन राजस्व संकलनका बहुआयामी पक्षमा जोड दिइनेछ, नाढीमन ताल र अन्य सार्वजनिक पोखरीहरुको ठेक्का सम्झौता अनुरुप असुल उपर हुन बांकी रकमलाई असुल उपर गर्न हर सम्भव प्रयास गरीनेछ तथा गाउँपालिकाको आन्तरीक आम्दानी बढाउन पालिकाकै नेतृत्वमा र निजी क्षेत्रको सहकार्यमा उधोग कलकरखाना स्थापना, संचालन तथा व्यवस्थापन गरिनेछ । गाउँपालिकाको मध्यकालिन खर्च संरचना निर्माण तथा आर्थिक सर्वेक्षण गर्ने, बेरुजुको समपरिक्षण तथा फर्छ्यौट गरेर सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त, मित्तव्ययी र प्रभावकारी बनाइनेछ ।

चन्द्रनगर गाउँपालिका क्षेत्र भित्र र छिमेकी पालिका सित जोडिएका भौतिक पुर्वाधार, सिचांई, विपद् व्यवस्थापन, पर्यटन, उधोग लगायतका रणनितीक तथा उत्पादनमुलक कार्यको लागि चन्द्रनगर गाउँपालिका सित जोडिएका छिमेकी पालिकाहरु ब्रहमपुरी गाउँपालिका, पर्सा गाउँपालिका, इश्वरपुर नगरपालिका, कविलासी नगरपालिका, मधेश प्रदेश सरकार, नेपाल सरकार सित समन्वय सहकार्य गरिनेछ ।

## २. सामाजिक विकास

### शिक्षा

- चन्द्रनगर गाउँपालिकाका सम्पूर्ण कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, जनप्रतिनिधी र मासिक रुपमा सरकारी सेवा सुविधा प्राप्त सम्पूर्ण व्यक्तिहरुले शैक्षिक सत्र २०८३ देखि आफना बालबालिकाको अध्य्यन अध्यापन सामुदायिक विद्यालयमा अनिवार्य रुपमा गर्ने गराउने ।
- शिक्षाको पहुँच भन्दा निकै टाढा रहेको दलित, मुस्लिम, अपाङ्गता भएको बालबालिका तथा अति विपन्न वर्गका बालबालिकालाई मुलधारको शिक्षामा ल्याउन, टिकाउन र सिकाउनको लागि शैक्षिक सत्र २०८३ देखि विषेश प्रोत्साहन स्वरुप चन्द्रनगर गाउँपालिका क्षेत्र भित्र दलित, मुस्लिम, अपाङ्गता भएको बालबालिका र अति विपन्न बालबालिकालाई विषेश छात्रवृति कार्यक्रम संचालन गर्ने ।
- सम्पूर्ण सामुदायीक विधालयमा उपलब्ध सामर्थ्य र दक्षताको आधारमा शैक्षिक सत्र २०८३ देखि कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यममा अध्यापन शुरु गराउने । साथै शैक्षिक सत्र २०८२ देखि वडा नम्बर २ बबरगंज स्थित श्री दुर्गा खोभारी जनता माध्यमिक विधालयमा कक्षा ६, ७ र ८ मा शुरु गरिएको अंग्रेजी माध्यमको अध्यापनलाई थप कक्षा ९ मा बिस्तार गर्ने ।
- सामुदायीक विधालय र मदरसामा शिक्षक र कर्मचारी पूर्ण समय अनिवार्य उपस्थिती गर्ने गराउने र कक्षा कोठामा शिक्षक द्धारा पूर्ण समय अध्यापन गर्न गराउने । सोही अनुसारको वैज्ञानिक तथा व्यवहारीक शैक्षणिक योजना तयार गरी लागु गरिने ।

- उमेर बढी भई सकेको विधालय बाहिर रहेका इच्छुक बालबालिकाको लागि शैक्षिक सत्र २०८३ मा विषेश कक्षा ट्यूशन वा कोचिङ संचालन गरी उक्त बालबालिकालाई शैक्षिक सत्र २०८४ देखि कक्षा अपग्रेड गरी मुलधारको नियमित विधालयमा भर्ना गराउने ।
- चन्द्रनगर गाउँपालिकालाई पूर्ण साक्षर वडा र गाउँपालिका बनाउन घरघुरी सर्वेक्षण गरी निरक्षर व्यक्ति पहिचान गरेर सो को आधारमा पुर्ण साक्षर वडा र गाउँपालिका बनाउन ठोस कार्ययोजना, कार्यक्रम तथा कानुनी कडाईको व्यवस्था लागु गर्ने
- शैक्षिक सत्र २०८३ मा सम्पूर्ण प्रसाशनिक, प्राविधिक तथा व्यवस्थापकीय कार्य पुरा गरी शैक्षिक सत्र २०८४ देखि सनातन गुरुकुल शिक्षा र वर्तमान मुलधारको शिक्षाको मिश्रित मोडेल, पाठयक्रम तथा पाठ्यपुस्तक तयार गरी गुरुकुल आवासिय एकेडेमीको शुरुवात गर्ने ।
- शैक्षिक सत्र २०८३ देखि मदरसमा परम्परागत शिक्षा संगै देशको मुलधारको शिक्षा लागु गरिने र त्यस अनुरुप अध्ययन अध्यापन गर्ने गराउने तथा सोही अनुसारको प्रशासनीक, प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय व्यवस्था मिलाउने ।
- प्रत्येक विधालयले अनिवार्य रुपमा वार्षिक शैक्षिक कार्य योजना वैशाख २०८३ भित्र निर्माण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने ।
- संस्थागत विधालयमा आर्थिक वर्ष २०८१८२ मा गरिएको अनुगमनको प्रतिवेदन शैक्षिक सत्र २०८३ देखि कार्यान्वयन गर्ने र संस्थागत विधालयको पठन पाठन तथा प्रसाशनीक व्यवस्थापकीय पक्षलाई नियमानुसार व्यवस्थापन गर्ने गराउने । १० प्रतिशत विधार्थीलाई नियमानुसारको अनिवार्य छात्रवृति, नियमानुसारको संस्थागत विधालयको शुल्क लागु गर्ने, शिक्षक कर्मचारीको नियूक्ती पत्र गाउँपालिकामा पेश गर्नु पर्ने र वहाँहरुको तलब नियमानुसार बैंक खातामा भुक्तानी गर्नु पर्ने लगायतका शर्तहरु संस्थागत विधालयले अनिवार्यरुपमा पालना गर्नु हुन्छ । त्यसो नगरेको खण्डमा निज विधालयलाई प्रदान गरीएको कक्षा संचालन अनुमति खारेज गरिनेछ ।
- स्थानीय विषय अध्यापन शुरु गराउन कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी शैक्षिक सत्र २०८३ को दोश्रो त्रैमासिक देखि लागु गर्ने गराउने ।
- इटा भठ्ठाामा जिपिकोपार्जनको लागि लामो अवधीको काम गर्न जाने परिवारको बालबालिकाको लागि आवसिय शिक्षाको व्यवस्था गर्ने गराउने ।
- कक्षा १० मा अध्य्यनरत विधार्थीको एसइईको तयारी प्रभावकारी बनाउन सम्बन्धीत विधालयमा डे बोर्डसको व्यवस्था गर्ने गराउने ।
- माध्यमिक कक्षाहरुमा शासकीय प्रणाली तथा आर्थिक सामाजिक सांस्कृतिक पाठहरुको विषेश कक्षा गाउँपालिका अध्यक्ष, प्रमुख प्रसाशकीय अधिकृत, अन्य विषयगत कर्मचारी तथा प्रहरी प्रसाशनका कर्मचारी द्धारा संचालन गर्ने
- विषयगत तथा तहगत शिक्षकहरुको नियमित प्राविधिक बैठक संचालन गरी शिक्षकहरुको पढाउने शिपमा अभिवृद्धि गराउने
- सामुदायिक विधालय तथा परम्परागत विधालयलाई डिजिटल बनाउन भौतिक पुर्वाधार, मेशिनरी, उपकरण सहितको प्राविधिक क्षमता अभिवृद्धि गर्ने गराउने

- सामुदायिक विधालय, परम्परागत विधालय तथा संस्थागत विधालयमा दिवा खाजामा सजीवन ( मोरिङ्गा) को उपयुक्त मात्रामा अनिवार्य प्रयोग गराउने । साथै दिवा कक्षा लागु नहुने कक्षाहरुमा समेत टिफिन खाजामा सजीवन (मोरिङ्गा) को उपभोग गर्न गराउन प्रोत्साहन गराउने
- चन्द्रनगर गाउँपालिका भित्रका सामुदायीक, परम्परागत तथा संस्थागत गरी सम्पूर्ण विधालयमा केन्द्रिकृत एकिकृत परिक्षा प्रणाली लागु गरी परिक्षाको गुणस्तर अभिवृद्धि गरी शिक्षण र सिकाईमा सुधार ल्याउने ।
- प्रत्येक विधालयमा अभिभावक सचेतना कार्यक्रम तथा अभिभावक भेला आवधिक रुपमा प्रभावकारी रुपमा संचालन गर्ने गराउने
- बाल विकास कक्षालाई पुर्ण मनोरन्जनात्मक तथा प्रभावकारी रुपमा संचालन गर्ने गराउने ।
- विधालय भर्नाको समयमा जन्मदर्ताको अभावमा विधालयमा नाम लेखाउनबाट बंचित हुने बालबालिकाको हकमा सम्बन्धीत वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयको संयुक्त पहलमा जन्मदर्ता गराई विधालय भर्ना गराउने सहजीकरण गर्ने ।
- शुन्य पुर्वाधारमा शुरु गरिएको तथा सिटिइभिटि द्धारा अनुगमनको क्रममा आवश्यक मापदण्ड पुरा नगरेको भन्दै बन्द गर्न पटक पटकको चेतावनी र निर्देशन पश्चात बन्द हुने अवस्थामा पुगेको चन्द्रनगर पोलिटेक्नीक इन्सटिच्यूटलाई सिटिइभिटी सितको समन्वय र सहजीकरण तथा चन्द्रनगर गाउँपालिकाको सहकार्यमा चन्द्रनगर पोलिटेक्नीक इन्सटिच्यूटलाई थप सक्रिय तथा मजबुत बनाई थप उर्जाका साथ संचालनमा ल्याउने ।
- चन्द्रनगर गाउँपालिकाको वडा नम्बर १ किसनपुर अवस्थित श्री जनता माध्यमिक विधालयमा प्लस टु अर्थात कक्षा ११ र १२ को कक्षा थप गराई अध्यापन शुरु गराउने, वडा नम्बर ४ को श्री ठगा प्राण बिहारी प्राथमिक विधालय र वडा नम्बर ७ को श्री अच्छेवर सिंह प्राथमिक विधालयलाई आधारभुत विधालयमा स्तरउन्नती गर्न थप कक्षा ६ को अनुमति प्रदान गरी कक्षा ६ को अध्यापन शुरु गराउने तथा वडा नम्बर २ को श्री दुर्गा खोभारी जनता माध्यमिक विधालय बबरगंजमा स्नातक स्तरको अध्यापन शुरु गराउने औपचारिक प्रक्रिया अगाडी बढाउने
- चन्द्रनगर गाउँपालिका मातहतका सामुदायीक विधालय तथा परम्परागत विधालयमा वास्तविक नियमित उपस्थित हुने विधार्थीको लागि आवश्यक संख्या तथा अनुपातमा शिक्षक र कर्मचारीको व्यवस्था सुनिश्चित गर्ने गराउने ।

**स्वास्थ्य**

- नेपालको संविधानले प्रदान गरेको आधारभुत नागरीक अधिकारको रुपमा निःशुल्क प्राप्त हुने आधारभुत स्वास्थ्य सेवा चन्द्रनगर गाउँपालिकाका सात वटै वडाका स्वास्थ्य संस्था तथा आधारभुत अस्पतालाबाट सम्पूर्ण रुपमा गुणस्तरीय, सहज र सुलभ तवरले निःशुल्क प्रदान गर्ने । निःशुल्क आधारभुत स्वास्थ्य सेवाको बारेमा सेवाग्राही माझ जागरुकता एवम सचेतना अभिवृद्धि गराउने तथा सेवा प्रदायक माझ उत्तरदायी, जवाफदेही र जिम्मेवार बनाउने ।

- आवश्यकता र औचित्यको आधारमा स्वास्थ्य संस्था तथा आधारभुत अस्पताल मार्फत मोबाइल वा स्याटेलाइट क्लिनिक नियमित रुपमा संचालनको लागि संरचना र व्यवस्था थप गरी संचालनमा ल्याउने
- आधारभुत अस्पताल गौचरनलाई नेपाल सरकारको आधारभुत अस्पताल संचालन मापदण्ड अनुसार पुर्ण रुपमा गुणस्तरीय तथा व्यवस्थीत तवरले संचालनमा ल्याउने
- निर्माधिन आधारभुत अस्पताल कामदको निर्माण कार्य सम्पन्न गराउन संघीय सरकार तथा ठेकेदार कम्पनी सित स्थानीय तहले गर्न सकने सम्पूर्ण पहल गर्ने ।
- आधारभुत अस्पताल गौचरनबाट निःशुल्क आधारभुत स्वास्थ्य सेवा बाहेक थप सेवाहरुको हकमा आधारभुत अस्पताल गौचरन संचालन तथा व्यवस्थापन समितीले तोकेको सहुलियत दर रेटमा गुणस्तरीय थप स्वास्थ्य सेवा प्रदान गर्ने ।
- आधारभुत अस्पताल गौचरनको आफनो फार्मेसी संचालन गरेर सेवाग्राहीलाई गुणस्तरीय औषधी सहुलियत दरमा उपलब्ध गराउने
- नियमित रुपमा मिती बार तोकेर विभिन्न विशेषज्ञ स्वास्थ्य सेवा विशेषज्ञ चिकित्सक मार्फत आधारभुत अस्पताल गौचरनमा नै प्रदान गर्ने
- आवधिक रुपमा विभिन्न विषयगत स्वास्थ्य शिविर संचालन गर्ने
- आधारभुत अस्पताल गौचरनलाई स्वास्थ्य बिमा कार्यक्रममा सेवा प्रदायक संस्थाको रुपमा आबद्ध गराउने
- स्वास्थ्य बिमा कार्यक्रममा चन्द्रनगर गाउँपालिकाका नागरिकलाई इलरोल गराउन स्वास्थ्य बिमाको दर्ता सहयोगीको कार्य सम्पदानको समिक्षा र मूल्याँकन गरी थप सक्रिय तथा प्रभावकारी बनाउने
- स्वास्थ्य बिमा कार्यक्रममा चन्द्रनगर गाउँपालिकाको नागरिकालाई इनरोल गराउन विषेश अभियान संचालन गर्ने
- स्वास्थ्य बिमा कार्यक्रम मार्फत उपचार गर्न पहिलो सम्पर्क बिन्दुको रुपमा स्थापित हुने आधारभुत अस्पताल गौचरन भन्दा माथिको स्वास्थ्य उपचार सेवाको लागि विभिन्न पायक पर्ने अस्पतालहरुको सम्पर्क नम्बर भएको सूचना सहित व्यापक प्रचार प्रसार गराउने र उक्त अस्पताल सित समन्वय गरेर चन्द्रनगर गाउँपालिकाको सेवाग्राहीलाई समुचित रेस्पन्स तथा उपचारको लागि सहज वातावरण बनाउने ।
- चन्द्रनगर गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी वडा र पालिका बनाउन वडा अनुसारको ठोसको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने
- नसर्ने रोगको बढदो रोग भारलाई मध्यनजर गर्दै नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि सचेतना मुलक कार्यक्रम संचालन गरी नागरिकको खानेबानी, खाध्यपदार्थ र जीवनशैलीमा सकारात्मक परिवर्तन गराउन योगदान गर्ने । साथै नसर्ने रोगहरुको समयमा नै पहिचानको लागि अभियान संचालन गर्ने ।

- बि.पि. तथा सुगरका बिरामीहरुलाई नियमित उपभोगको लागि निःशुल्क औषधी उपलब्ध गराउने
- विभिन्न प्रकारको कुपोषण रोकथाम तथा नसर्ने रोगहरुको रोकथामको लागि परिवार स्तर, सामाजिक स्तर तथा संस्थागत स्तरमा सजीवन (मोरिङ्गा) को उपभोग गर्न गराउन सजीवन शिक्षा संचालन गर्ने, प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
- स्थानीय तहको विशिष्ठ वन हेल्थ लोकल सिस्टम (एक स्वास्थ्य स्थानीय प्रणाली) को फ्रेमवर्क ढाँचा, मापदण्ड र निर्देशिका तयार गरी कार्यान्वयनमा लाने

**खानेपानी तथा सरसफाई**

विगत दुई वर्ष देखि मधेशमा व्याप्त पानीको संकटले काकाकुल बनेको चन्द्रनगर गाउँपालिकाका जनतालाई खानेपानी संकट समाधानको लागि समरसिल जडान र चापाकल जडानलाई प्राथमिकता दिइनेछ । साथै मधेश लगायत गाउँपालिकामा व्याप्त स्वच्छ तथा शुद्ध खानेपानीको आवश्यकताको दिगो समाधानको लागि साविकको प्रत्येक गाविस (चन्द्रनगर, बबरगंज, किसनपुर र मोहनपुर) मा एउटा खानेपानी योजना निर्माणको लागि मधेश प्रदेश सरकार तथा नेपाल सरकार सित समन्वय सहकार्य गरिनेछ । बबरगंज खानेपानी अधुरो योजनालाई सम्पन्न गराउन विषेश रुपमा पहल गरिने तथा चन्द्रनगर गाउँपालिकाका वडा ६ र ७ का पहिले नै अन्य निकायबाट निर्माण गरिएको खानेपानी योजना संचालनमा ल्याउन मर्मत सम्भार तथा स्तरउन्नती गराइनेछ । साथै मधेशमा पानी संकट सामाधनको पहल स्वरुप उच्च स्तरीय सामाधान संवाद आयोजना गरिनेछ र चुरे क्षेत्रको संरक्षण तथा पानी रिचार्ज पोखरी निर्माण गर्न समन्वय, सहजीकरण र सहकार्य गरिनेछ ।

चन्द्रनगर गाउँपालिकाका मुख्य सार्वजनिक स्थलहरु जस्तै नाढीमन ताल परिसर, सार्वजनिक मठ मन्दिर, मस्जिद, धर्मशाला, सामुदायिक भवन, सडक, सरकारी कार्यालय तथा विधालयमा सरसफाई एवम स्वच्छता कायम गर्न र सुनिश्चितता गर्न सरसफाई स्वच्छता अभियान संचालन गरिनेछ । नाढीमन ताल परिसर र फुलजोर मंलगवा सडक खण्डमा गाउँपालिका प्रवेश द्धार रहेको मुल सडकमा विषेश सरसफाई र स्वच्छता संचालन गरिनेछ । साथै चन्द्रनगर गाउँपालिकाको प्रत्येक घर परिवार भित्र पनि सरसफाई र स्वच्छता राख्न जनचेतना तथा जागरण कार्यक्रमहरु संचालन गरिनेछ ।

- संस्कृति प्रवर्द्धन
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

**३. आर्थिक विकास**

- कृषि
- पर्यटन
- उधोग तथा वाणिज्य,
- सहकारी, वित्तिय

**४. पूर्वाधार विकास**

- सडक तथा पुल
- सिंचाई
- भवन तथा शहरी विकास
- उर्जा तथा विधुत
- संचार

**५. वन, वातावरण तथा विपद् व्यवस्थापन**

- वन तथा भू-संरक्षण
- जलाधार संरक्षण
- जलवायू परिवर्तन
- फोहोरमैला व्यवस्थापन
- जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन
- वारुण यन्त्र संचालन